# शान्तिनगर गाउँपालिका
## चिराघाट, दाङ
## ५ नं. प्रदेश, नेपाल

प.स. २०७५/०७६ मितिः २०७६/०१/१६
च.नं.

श्री सबै वडा कार्यालय
शान्तिनगर गाउँपालिका, दाङ ।

**विषय : एकीकृत घुम्ती शिविर संचालन सम्बन्धमा ।**

प्रस्तुत विषयमा शान्तिनगर गाउँपालिकाको आयोजनामा तपसीलको मिति, समय र स्थानमा तपसील बमोजिमका विविध किसिमका सेवाहरू एकीकृत रूपमा शिविरको रूपमा संचालन गरी प्रदान गर्न गईरहेकोले वडा समितिको बैठकबाट निर्णय गराई वडा सदस्यहरू मार्फत गाउँ-गाउँ, टोल-टोल सम्म प्रचार-प्रसारको व्यवस्था मिलाउनुहुन अनुरोध छ ।

**तपसील**

मिति : २०७६ बैशाख २० गते शुक्रबार
समय : विहान : ७ : ३० बजे देखि
स्थान : **श्री सरस्वती आ.वि. जुम्लेकुला , दाङ ।**

कमान सिंह डाँगी
(अध्यक्ष)

**घुम्ती शिविरबाट प्राप्त हुने सेवाहरू :**

१) **ईलाका प्रशासन कार्यालयबाट नागरिकता वितरण**

२) **स्वास्थ्य तथा सरसफाई शाखाबाट तपसील बमोजिमका सेवाहरू :**

**तपसील**

क) पाटेघर सम्बन्धि विशेषज्ञ सेवा
ख) अक्कुपंचर सेवा -हाड जोर्नीको समस्या, नसा सम्बन्धि समस्याको सेवा)
ग) आँखा सम्बन्धि स्वास्थ्य शिविर
घ) पाँच वर्ष मुनिका बालबालिकाको पोषण अनुगमन तथा व्यवस्थापन सेवा

३) **महिला तथा बालबालिका शाखाबाट**

क) अपांगता परिचयपत्रको आवेदन संकलन

४) **कृषि विकास शाखाबाट**

क) मौसम अनुसारका तरकारीहरूको विउ वितरण

५) **पशु सेवा शाखाबाट पशु सम्बन्धि विभिन्न सेवाहरू**